प्रदेश सरकार

# उर्जा,जलस्रोत तथा खानेपानी मन्त्रालय

गण्डकी प्रदेश, पोखरा

# सेवा करारमा लिने सम्बन्धी सूचना

प्रकाशित मितिः२०७९/०४/०५

यस मन्त्रालय र मातहतका कार्यालयमा रिक्त रहेको निम्न सेवा समूहका विभिन्न पदहरुमा गण्डकी प्रदेश सरकार (मन्त्रिपरिषद) बाट स्वीकृत **"सेवा करारमा प्राविधिक जनशक्ति छनौट सम्बन्धी कार्यविधि २०७८"** बमोजिम खुला प्रतिस्पर्धाद्वारा सेवा करारमा लिई पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम शैक्षिक योग्यता पुगेका उम्मेदवारहरुले यस मन्त्रालयको वेभसाइट **moewrws.gandaki.gov.np** मा राखिएको दरखास्त फाराम डाउनलोड गरी वा मन्त्रालयमा उपलब्ध हुने फाराम भरी **यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र** यस मन्त्रालयमा आवेदन दिनु पर्नेछ।

| विज्ञापन नं. | पद | तह/श्रेणी | सेवा | समूह | माग पद संख्या | कै. |
|---|---|---|---|---|---|---|
| १/०७९-०८० | ईन्जिनियर | अधिकृतस्तर सातौ | सिभिल इन्जिनियरिङ्ग | इरिगेसन/स्यानिटरी | ८ (आठ) | |
| | जम्मा | | | | ८(आठ) | |

**आवश्यक न्यूनतम योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.ई. वा सो सरह उर्तीण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको (निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएको हुनुपर्ने)

**परिक्षाको किसिमः** संक्षिप्त सूची र अन्तरवार्ता।

**दरखास्त दस्तुरः** रु.१०००/

**दरखास्त दिने अन्तिम मितिः** मिति २०७९/०४/१२ गते कार्यालय समय भित्र ।

**राजस्व बुझाउने विधि** : राजस्व संकेत /शीर्षक : १४२२४

कार्यालय कोड : ३४००१३९०१४

राजस्व खाता नं. : १००००२०१०१०००४ (राष्ट्रिय वाणिज्य बैङ्क, पोखरा)

**उम्मेदवारको उमेरको हदः**

दरखास्त दिने अन्तिम म्याद सम्म २१ बर्ष उमेर पूरा भई ३५ बर्ष ननाघेको र महिला तथा अपाङ्गको हकमा ४० बर्ष ननाघेको।

**दरखास्त बुझाउने बिधि र स्थानः** मन्त्रालयमा उपलब्ध हुने फारम भरी उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय गण्डकी प्रदेश, ड्यामसाइड, पोखरामा बुझाउनु पर्ने।

**दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातः** नागरिकताको प्रमाणपत्र, न्यूनतम शैक्षिक योग्यता, समकक्षता भएमा सो को प्रमाणपत्र, अनुभव भएमा सो को प्रमाण (सिचाइ र खानेपानी क्षेत्रमा अधिकृतस्तरमा काम गरेको अनुभवलाई मात्र अनुभवको अंक प्रदान गरिने), न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो तहको सम्बन्धित पदको लागि आवश्यक शैक्षिक योग्यता भएमा सो को प्रमाणपत्र,लब्धाङ्क पत्र ग्रेड प्रणाली (GPA)मा उल्लेख भएको भए सम्बन्धित शैक्षिक संस्थाबाट सो बराबरको प्रतिशत निर्धारण गरिएको प्रमाणपत्र, ईन्जिनियरिङ्ग काउन्सिल दर्ता प्रमाणपत्रहरुको प्रतिलिपि।

**पदमा रहि गर्नुपर्ने कामको विवरण** : सेवा, समूह सम्बन्धी कार्य

**अन्तरवार्ता मिति र स्थानः** पछि प्रकाशन गरिने(संक्षिप्त सूचीमा पर्न सफल उमेद्ववार लाई मात्र सूचना गरिने)

**तलवः** प्रचलित कानून बमोजिम

**सेवा सम्बन्धी मन्त्रालयः** उर्जा,जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेश, पोखरा।

सम्पर्कः ०६२४६०८३२

(म्याद नाघी आएका र आवश्यक कागजात संलग्न नगरी पेश गरिएका आवेदनहरु उपर कुनै कारवाही गरिने छैन ।)